बैठक संख्याः ०२।२०८२।०८३

बैठक मितिः २०८२।०६।०६ गते, समयः बिहान ८:०० बजे

स्थानः पाखीबास नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८२ साल असोज ६ गते सोमबारका दिन बिहानको ८:०० बजे पाख्रीवास नगरपालिकाका नगर प्रमुख श्री ज्ञान बहादुर गुरुङज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

<u>उपस्थिति</u>

| क्र.स. | नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री ज्ञान बहादुर गुरुङ | नगर प्रमुख | | |
| २ | श्री नम्रता गौतम | नगर उप-प्रमुख | | |
| ३ | श्री भोगेन्द्र पाण्डे | वडा अध्यक्ष | १ | |
| ४ | श्री चुडामणि पुलामी | वडा अध्यक्ष | २ | |
| ५ | श्री सरोज राई | वडा अध्यक्ष | ३ | |
| ६ | श्री सन्तोष मानन्धर | वडा अध्यक्ष | ४ | |
| ७ | श्री महेश राई | वडा अध्यक्ष | ५ | |
| ८ | श्री देवेन्द्र गुरागाई | वडा अध्यक्ष | ६ | |
| ९ | श्री देवेन्द्र बहादुर तामाङ | वडा अध्यक्ष | ७ | |
| १० | श्री गजेन्द्र बहादुर राई | वडा अध्यक्ष | ८ | |
| ११ | श्री सम्झना आले | वडा अध्यक्ष | ९ | |
| १२ | श्री हरी बहादुर खत्री | वडा अध्यक्ष | १० | |
| १३ | श्री इन्द्र कुमार राई | कार्यपालिका सदस्य | ७ | |
| १४ | श्री विष्णु माया विश्वकर्मा | कार्यपालिका सदस्य | २ | |
| १५ | श्री रुप बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | ५ | |
| १६ | श्री तारा देवी ढकाल(धमला) | कार्यपालिका सदस्य | ९ | |
| १७ | श्री सवीता कार्की | कार्यपालिका सदस्य | ७ | |
| १८ | श्री सीता देवी बस्नेत | कार्यपालिका सदस्य | ३ | |
| १९ | श्री नगेन्द्र राई | कार्यपालिका सदस्य | ८ | |
| २० | श्री गीता परियार | कार्यपालिका सदस्य | १० | |
| २१ | श्री अनिस काफ्ले | निमित्त प्रमुख प्रशासकीय अधिकृत | | |

<u>सहयोगी कर्मचारी</u>

| | | | | |
|---|---|---|---|---|
| १ | श्री पर्शुराम श्रेष्ट | ईन्जिनियर | | |
| २ | श्री दिपक गड्तौला | लेखा सहायक | | |
| ३ | विवश राई | एम. आई.एस. अपरेटर | | |

बैठक संख्याः ०२।२०८२।०८३
बैठक मितिः २०८२।०६।०६ गते, समयः बिहान ८:०० बजे
स्थानः पाख्रीबास नगरपालिका कार्यालयको सभाहल

**प्रस्तावहरु**

१) प्रस्ताव नं. १ : नगर दर रेट स्वीकृती सम्बन्धमा।
२) प्रस्ताव नं. २ : सडक सरसफाई सम्बन्धमा।
३) प्रस्ताव नं. ३ : छत्रमान कुथुमी मार्ग नामाकरण सम्बन्धमा।
४) प्रस्ताव नं. ४ साउण्ड सिस्टमको भाडा दर निर्धारण सम्बन्धमा।
५) प्रस्ताव नं. ५ : जालपादेवी नमुना विद्यालयको परियोजना अन्तरगतको डिजाईन स्वीकृती सम्बन्धमा।
६) प्रस्ताव नं. ६ : कर्मचारी सरुवा सहमती सम्बन्धमा।
७) प्रस्ताव नं. ७ : जिल्ला प्रहरी कार्यालय धनकुटामा पुस्तकालय निर्माण सहयोग सम्बन्धमा।
८) प्रस्ताव नं. ८ आर्थिक सहायता सम्बन्धमा।
९) प्रस्ताव नं. ९ : पाख्रीबासको चिनारी भएको पाख्रीको बोटको पार्क निर्माणको स्पेसीफिकेसन सम्बन्धमा।
१०) प्रस्ताव नं. १० : आधारभुत अस्पतालमा अतिरिक्त समयमा काम गरेको अतिरिक्त सुविधा सम्बन्धमा।

**निर्णयहरु :**

**निर्णय नं. १**

पाख्रीबास नगरपालिकाको स्थानीय दर रेट निर्धारण समिति बाट मिति २०८२।०५।१९ गते पारित भई नगर कार्यपालिका बैठकमा स्वीकृतीको लागि पेश भएको पाख्रीबास नगरपालिकाको आ.व. २०८२।०८३ को स्थानीय नगर दर रेट उपर छलफल गरी पेश भए बमोजिम स्वीकृती गर्ने निर्णय गरियो।

**निर्णय नं. २**

पाख्रीबास नगरपालिकाको आ.व. २०८२।०८३ को स्वीकृत योजना तथा कार्यक्रम अनुसार नगरपालिकाको सबै वडाहरुमा सडक सरसफाईको लागि विनियोजित रकम मध्येबाट वडा कार्यालयहरुको समन्वयमा वडा कार्यालयको निर्णय अनुसार हाल सडक सञ्चालनमा अविरल वर्षादको कारण अवरुद्ध भएका तथा सवारी साधन आवत जावतमा कठिनाई भएका वडा स्तरीय सडकहरु तत्कालै सबै सडकहरु एकै पटक सरसफाई गरी सञ्चालनमा ल्याउन आवस्यक भएकोले वडागत स्वीकृत लागत अनुमान बमोजिम सम्बन्धित वडाको सडक सरसफाईको लागि विनियोजित बजेट तथा वडा कार्यायको निर्णय अनुसारको थप विनियोजित हुने रकम मध्येबाट तपशिल अनुसार प्याकेज निर्धारण गरी सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम नगरपालिकामा सुचिकृत निर्माण व्यबसायीहरु मध्येबाट लिखित दरभाउपत्र माग गरी सडक सरसफाई तथा मर्मत गर्ने निर्णय गरियो।

तपशिल

| सि नं | वडा नं |
|---|---|
| १ | वडा नं ९ र १० |
| २ | वडा नं १,२,४,५ |
| ३ | वडा नं ३,६,७,८ |

बैठक संख्या: ७।२०८२।०८३
बैठक मितिः २०८२।०६।०६ गते, समयः बिहान ८:०० बजे
स्थानः पाख्रीबास नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं. ३**

हाल नेपालको राजनैतिक तथा प्रशासनिक विकृती र विसंगती बिरुद्ध नेपालका GEN-Z युवा समुहले गरेको मिति २०८२।०५।२३ र २४ गते देशव्यापी आन्दोलनको क्रममा सहादत प्राप्त गर्नु भएका पाख्रीबास नगरपालिका वडा नं १० निवाशी श्री छत्रमान कुथुमीको उच्च सम्मान सहित पाख्रीबास नगरपालिकाको वडा नं १० को कुनै एक सडक खण्डलाई लाई सहिद छत्रमान कुथुमी मार्ग नामाकरण गर्न आवस्यक देखिएको हुँदा सरोकारवाला सबै पक्ष संग आवस्यक छलफल गरी नामाकरण प्रकृया अगाडी बढाउने निर्णय गरियो। साथै सहादत प्राप्त गर्नु हुने सहिद श्री छत्रमान कुथुमी को उच्च सम्मान सहित निजको परिवारलाई रु ५००००। (पचास हजार रुपैया मात्र) आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ४**

पाख्रीबास नगरपालिकाको कार्यालयमा मौजुद साउण्ड सिस्टम तथा टेन्ट हाउस सामग्रीको कार्यालय प्रयोजन बाहेक उपयोग गर्न चाहने संघ,संस्था तथा व्यक्तिहरुको लागि हाललाई टेन्ट हाउस र साउण्ड सिस्टम सामग्री दुबैको प्रतिदिन भाडा दर रु ७०००। (सात हजार सय रुपैया मात्र) र साउण्ड सिस्टम मात्र प्रतिदिन रु ५०००। पाँच हजार रुपैया मात्र र टेन्ट हाउस सामग्री मात्र प्रतिदिन रु ३०००। (तीन हजार रुपैया मात्र) निर्धारण गरी आगामी नगरसभामा पेश गर्ने गरी हाललाई यसै बमोजिम भाडा दर लिई ईच्छुक व्यक्ति,संघ, संस्थालाई उपयोग गर्न दिनको लागि नगर कार्यपालिकालाई निर्देशन गर्ने निर्णय गरियो।

**निर्णय नं. ५**

पाख्रीबास नगरपालिका वडा नं ४ स्थित जालपादेवी माध्यमिक विद्यालयको विद्यालय व्यबस्थाप समितिको मिति २०८२।०५।३१ गतेको निर्णय अनुसार उक्त विद्यालयको नमुना विद्यालय विकास कार्यक्रमको गुरु योजना अन्तरगतको सि नं ७ को अडिटरियम हल निर्माणको स्वीकृतीको लागि पेश भएको हुँदा उक्त विद्यालयको गुरुयोजना अनुसारको अडिटरियम हल निर्माणको डिजाईन स्वीकृत गर्ने निर्णय गरियो

**निर्णय नं. ६**

पाख्रीबास नगर कार्यपालिकाको कार्यालयमा कार्यरत अ.स.ई. श्री अरुण कुमार दासले यस कार्यालयबाट अन्यत्र कार्यालयमा सरुवा भई जानको लागि सरुवा सहमनी माग गर्नु भएको हुँदा निजलाई कोशी प्रदेश स्थानीय सरकारी सेवा गठन तथा सञ्चालन ऐन २०८० को दफा २४ को उपदफा ४ बमोजिम सरुवा सहमती दिने निर्णय गरियो।

**निर्णय नं. ७**

जिल्ला प्रहरी कार्यालय धनकुटाले उक्त कार्यालय परिषरमा पुस्तकालय निर्माण गर्नको लागि पुस्तकालयमा पाख्रीबास कर्नर स्थापना गर्ने गरी आर्थिक सहयोगको लागि अनुरोध गरेको हुँदा यस नगरपालिकाको आर्थिक सहायता शिर्षकबाट रु ५००००। पचास हजार सम्मको आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ८**

पाख्रीबास नगरपालिका अन्तरगतका विभिन्न वडाहरुमा निवाशी तपशिल व्यक्तिहरुले औषधि उपचार दुर्घटना लगायतका अन्य कारणले आर्थिक सहायताको लागि माग गर्नु भएकोमा तपशिल अनुसार आर्थकि सहायता उपलब्ध गराउने निर्णय गरियो।

बैठक संख्याः ०३।२०८२।०८३
बैठक मितिः २०८२।०६।०६ गते, समयः बिहान ८:०० बजे
स्थानः पाखीबास नगरपालिका कार्यालयको सभाहल

<u>तपशिल</u>

| क्र. सं | बिरामीको नाम | ठेगाना | रोगको किसिम | वडा सिफारीस | स्वीकृत रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | महेन्द्र तामाङ | पा. न. पा २ | मुटुरोग र मस्तिस्कघात | ५९५, २०८२/०२/१८ | १०,०००/- | |
| २ | सुरेन्द्र विश्वकर्मा | पा. न. पा ५ | रुखवाट लडि घाईते | ०९, २०८२/०२/०६ | ८०००/- | |
| ३ | कुमारी तामाङ | पा. न. पा ५ | आखाको रोग | ६२९, २०८१/११/०४ | ५०००/- | |
| ४ | तारा तामाङ | पा. न. पा ७ | मृगौला पिडित | ८६९, २०८१/१२/१२ | १०,०००/- | |
| ५ | हरि बहादुर भुजेल | पा. न. पा ६ | पारालाईसिस | ०७, २०८२/०४/०५ | १०,०००/- | |
| ६ | राकेश परियार | पा. न. पा ६ | अल्सर र पथरिया | ६३, २०८२/०५/१६ | ८०००/- | |
| ७ | खगेन्द्र थापा | पा. न. पा ६ | अल्सर क्यानसर | ६४, २०८२/०५/१७ | ५०००/- | |
| ८ | सुमन मगर | पा. न. पा ६ | मेनेन्जाईटिस | ८२, २०८२/०५/३० | १०,०००/- | |
| ९ | गिता देवि मिश्र | पा. न. पा ८ | बाथरोग | ६९, २०८२/०५/२३ | १०,०००/- | |
| १० | चन्द्र बहादुर लिम्बु | पा. न. पा ३ | पारालाईसिस | १५९, २०८२/०५/२५ | ८०००/- | |

बैठक संख्याः ०३।२०८२।०८३

बैठक मितिः २०८२।०६।०६ गते, समयः बिहान ८:०० बजे

स्थानः पाखीबास नगरपालिका कार्यालयको सभाहल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | प्रनिशा राई | पा. न. पा ६ | तल्लो पेटको बिरामी | ४८, २०८२/०५/१३ | ८०००/- | |
| १२ | चन्द्र कुमारी थापा | पा. न. पा ६ | मुट्ठको रोग | ६५, २०८२/०५/१७ | १०,०००/- | |
| १३ | देवेन्द्र कुमार राई | पा. न. पा ३ | मस्तिस्क सम्बन्धी रोग | १२५४, २०८२/०२/३० | १०,०००/- | |
| १४ | आश बहादुर श्रेष्ठ | पा. न. पा २ | पिसाव नलिमा समस्या | ६३८, २०८२/०३/१६ | १०,०००/- | |
| १५ | दल सिंह तामाङ | पा. न. पा ५ | मृगौला सम्बन्धी रोग | ०४, २०८२/०४/०४ | ५०००/- | |
| १६ | हर्क बहादुर राई | पा. न. पा ८ | देव्रे खुट्टा भाचिएको | १०, २०८२/०४/११ | १०,०००/- | |
| १७ | हिमाल सुबेदी | पा. न. पा ५ | हात भाचिएको | ९९८, २०८२/०२/१४ | ५०००/- | |
| १८ | मिन बहादुर दर्लामी | पा. न. पा ३ | मुटु रोग | ११५९, २०८२/०२/११ | ५०००/- | |
| १९ | झमक कुमारी श्रेष्ठ | पा. न. पा ५ | मुटु रोग | ९४४, २०८२/०२/०४ | १०,०००/- | |
| २० | पुण्य माया कटुवाल | पा. न. पा ३ | मुटु रोग | १२२४, २०८२/०२/१८ | ५०००/- | |
| २१ | भिम बहादुर राई | पा. न. पा ८ | पेट सम्बन्धी | ७५९, २०८२/०३/०१ | ८०००/- | |
| २२ | टेक बहादुर पोख्रेल | पा. न. पा ३ | मुटु रोग | १२३८, २०८२/०२/२८ | ५०००/- | |

बैठक संख्याः ०३।२०८२।०८३
बैठक मितिः २०८२।०६।०६ गते, समयः बिहान ८:०० बजे
स्थानः पाखीबास नगरपालिका कार्यालयको सभाहल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २३ | रुप बहादुर मगर | पा. न. पा ६ | उच्च रक्तचाप | ६९१, २०८२/०२/०४ | ८०००/- | |
| २४ | सिता देवि खत्री कुवर | चौ. गाँ. पा ७ | ब्रेष्ट क्यान्सर | ११४९, २०८२/०१/१७ | १०,०००/- | |
| २५ | खिन माया गुरुङ | पा. न. पा ४ | आखाको रोग | १३१४, २०८२/०२/०५ | ८०००/- | |
| २६ | मन्दिरा राई | पा. न. पा ३ | पेटको रोग | १२८९, २०८२/०३/०६ | १०,०००/- | |
| २७ | कमल मगर | पा. न. पा ९ | हड्डी भाचिएको | ४९२, २०८२/०१/०४ | ८०००/- | |
| २८ | तारा कुमार कार्की | पा. न. पा ७ | ब्रेन क्यानसर | | २५०००/- | |

**निर्णय नं. ९**

पाख्रीबास नगरपालिका वडा नं ४ मा अवस्थित पाख्रीन चौक (पुरानो हुलाक भएको ठाउँ) मा पाख्रीबासको पहिचान सहितको पार्क निर्माणको लागी पाख्रीबास युथ युनाइटेड संस्थाले च.नं. ०२, मिति २०८२/०५/३० गतेको पत्र मार्फत तपसिल बमोजिमको स्पेशिफिकेसन अनुसार फाइवर मटेरियलको मूर्ती माग भए अनुसार सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र प्रचलित नियमानुसार खरिद गरी उक्त संस्थालाई हस्तान्तरण गर्ने निर्णय गरियो।

तपसिल

१. पाख्रीको रुख मुढा: थान १
   - उचाई : ५ फिट ५ इन्च
   - मोटाई : ९ फिट ११ इन्च
२. ढाकर बोकेको बुढा मान्छे : थान १
   - उचाई : ५ फिट ६ इन्च
   - मोटाई : ६ फिट २ इन्च
३. नानी सँग डोको थुन्से बोकेको बुढी आमा : थान १
   - उचाई : ५ फिट ४ इन्च
   - मोटाई : ६ फिट ३ इन्च

बैठक संख्याः ०३।२०८२।०८३
बैठक मितिः २०८२।०६।०६ गते, समयः बिहान ८:०० बजे
स्थानः पाखीबास नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं. १०**

पाख्रीबास नगरपालिकाको पाख्रीबास आधारभुत अस्पतालमा वडा दसैको सार्वजनिक विदाको अवधिमा आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्ने चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको लागि सार्वजनिक विदाको दिनमा अतिरिक्त काम गरे बापत प्रमाणित हाजिरीको आधारमा दैनिक तलब बराबरको सुविधा उपलब्ध गराउन निर्णय गरियो।

**निर्णय नं. ११**

चालु आ.व. २०८२।०८३ को लागि जनप्रतिनिधीहरुको चाडपर्व खर्च बापत सम्बन्धित विनियोजित शिर्षकबाट जनही रु १००००। (दस हजार रुपैया मात्र) उपलब्ध गराउने निर्णय गरियो।